# भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौंडा, नेपाल

# भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

प्रस्तावनाः

भाषा, साहित्य र कलासँग सम्बन्धित संस्थाहरुको संस्थागत सुदृढिकरणमा सहयोग पुर्याई भाषा, कला र साहित्यको विकास, संरक्षण र प्रवर्द्धन गरी सभ्य र सम्मुनत प्रदेशको निर्माण गर्न तथा यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक बजेट कार्यान्वयन समेतको लागि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकमलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थालाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले "भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम" सम्झनु पर्दछ।

(घ) "छनौट समिति" भन्नाले दफा ८ बमोजिमको छनौट समिति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्दछ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "संस्था" भन्नाले भाषा, कला वा साहित्यको क्षेत्रमा कार्य गर्ने संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) भाषा, कला र साहित्यको क्षेत्रमा कार्य गर्ने संस्थाको उद्धेश्य प्राप्तिमा सहयोग पुर्याई संस्थाको उत्थानमा सहयोग पुर्याउनु।

(ख) प्रदेशमा बोलिने सबै भाषाको, उत्थानमा सहयोग गरी भाषा क्षेत्रको विकास र प्रवर्द्धन विकासमा योगदान पुर्याउनु।

(ग) लोपोन्मुख भाषा तथा संस्कृतिको उत्थानमा सहयोग पुर्याउनु।

## परिच्छेद -३

## संस्था छनौटको शर्त र आधार

४. **संस्था छनौटको शर्त**: संस्था संस्था छनौटको शर्त देहाय बमोजिम हुनेछन्ः-

(क) प्रदेश नम्बर ३ भित्र दर्ता भएको संस्था हुनु पर्ने,

(ख) भाषा, कला वा साहित्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने संस्था हुनुपर्ने,

(ग) भाषा, कला र वा साहित्यसँग सम्बन्धित कार्यक्रम प्रदेश नम्बर ३ भित्र सञ्चालन गरेको हुनुपर्ने।

५. **संस्था छनौटको आधारः** (१) दफा ४ बमोजिमको शर्तहरु पूरा भएका संस्थाहरुमध्ये कार्यक्रमको लागि संस्थाहरु छनौटको आधार देहाय बमोजिम हुनेछन्ः-

(क) सम्बन्धित संस्थाले सञ्चालन गर्ने भाषा, कला वा साहित्य सम्बन्धी कार्यक्रमको प्रस्ताव,

(ख) लोपोन्मुख, अल्पसङ्ख्यक, अतिसीमान्तकृत र सीमान्तकृत समुदायको भाषा वा सो समुदायसँग सम्बन्धित रही कला वा साहित्यसँग सम्बन्धित सामाग्रीहरुको सिर्जना,

(ग) भाषा वा कला वा साहित्यको क्षेत्रमा प्रदान गरेको तालीम तथा सञ्चालन गरेको नाटक वा जनचेताना फैलाउने कार्यक्रम वा सो क्षेत्रमा प्रकाशन वा प्रशारण गरेको सामाग्री संख्या,

(घ) प्रस्तावित कार्यक्रममा मन्त्रालयसँगको साझेदारीको सुनिश्चितता।

(२) उपदफा (१) बमोजिमको आधारहरुको मूल्याङ्कन देहाय बमोजिम गरिनेछः-

<table>
<tr><td>क्र.सं.</td><td>छनौटका आधार</td><td colspan="2">अंक भार</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">भाषा वा कला वा साहित्य सम्बन्धी सञ्चालन गर्ने कार्यक्रमको प्रस्तावको मूल्याङ्कन (औचित्य र सम्भाव्यताको आधारमा)</td><td>सन्तोषजनक</td><td>२०</td></tr>
<tr><td>राम्रो</td><td>२५</td></tr>
<tr><td>अति राम्रो</td><td>३०</td></tr>
<tr><td rowspan="4">२</td><td rowspan="4">लोपोन्मुख, अल्पसङ्ख्यक, अतिसीमान्तकृत र सीमान्तकृत समुदायको भाषा वा सो समुदायसँग सम्बन्धित रही कला वा साहित्यसँग सम्बन्धित सामाग्रीहरुको सिर्जना</td><td>१-५ वटा सम्म</td><td>१०</td></tr>
<tr><td>६-१० वटासम्म</td><td>१५</td></tr>
<tr><td>११-१५ वटासम्म</td><td>२०</td></tr>
<tr><td>१६ वा सोभन्दा बढी</td><td>२५</td></tr>
<tr><td rowspan="3">३</td><td rowspan="3">भाषा वा कला वा साहित्यको क्षेत्रमा प्रदान गरेको तालीम तथा सञ्चालन गरेको नाटक वा जनचेताना फैलाउने कार्यक्रम वा सो क्षेत्रमा प्रकाशन वा प्रशारण गरेको सामग्री संख्या</td><td>५ वटासम्म</td><td>१५</td></tr>
<tr><td>६ -१० सम्म</td><td>१८</td></tr>
<tr><td>११ वा सो भन्दा माथि</td><td>२०</td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">प्रस्तावित कार्यक्रममा मन्त्रालयसँगको साझेदारीको सुनिश्चितता</td><td>२५ प्रतिशत सम्म</td><td>१५</td></tr>
<tr><td>२६ देखि ५० प्रतिशत सम्म</td><td>२०</td></tr>
<tr><td>५० प्रतिशत भन्दा बढी</td><td>२५</td></tr>
</table>

६. **<u>अनुदान प्रदान गर्न नसकिने अवस्था:</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नका लागि अनुदान प्रदान गरिने छैन:-

(क) नदिई नहुने तलव भत्ता बाहेक अतिरिक्त प्रशासनिक तथा साधारण खर्च हुने,

(ख) कुनै राजनैतिक दल वा धर्म वा सम्प्रदाय विशेषलाई मात्र लाभ पुग्ने,

(ग) राष्ट्रिय एकता तथा सामाजिक सद्भाव खल्बलिने,

(घ) वातावरण संरक्षण प्रतिकुल असर पुर्याउने,

(ङ) सोही क्रियाकलापमा दोहोरो अनुदान प्रयोग हुने ।

## परिच्छेद-४

## <u>छनौट प्रक्रिया</u>

**७. <u>सूचना प्रकाशन</u>**: मन्त्रालयले अनुदान कार्यक्रमको लागि भाषा, कला वा साहित्यको क्षेत्रमा कार्य गर्ने ईच्छुक संस्थाको आवेदनको निमित्त पन्ध्र दिनको समय दिई सार्वजनिक रुपमा सूचना आब्हान गरी प्रस्ताव माग गर्नेछ। साथै मन्त्रालयको सूचनापाटी र वेवसाईटमा समेत सूचना प्रकाशन गर्नुपर्नेछ।

८. **<u>अनुदान माग गर्ने</u>: (१)** ईच्छुक संस्थाले अनुदान प्राप्तिको लागि प्रस्ताव तयार गरी मन्त्रालय समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ। निवेदनसँगै देहाय बमोजिमको विवरण सहित दरखास्त दिनु पर्नेछः–

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) विधानको प्रतिलिपि,

(ग) अनुसूची -२ बमोजिमको ढाँचामा अनुदान माग गरेको कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्नेछ,

(घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) भौतिक अवस्था देखिने विवरण,

(च) जनशक्तिको अवस्था,

(छ) संस्थाको संक्षिप्त प्रोफाइल,

(ज) सञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(झ) अन्य निकायबाट व्यहोरिने श्रोतको हकमा श्रोतको सुनिश्चितता सम्वन्धी प्रमाण

(ञ) यस अघि गरेका कार्यहरुको विवरण उल्लेख भएको प्रतिवेदन ।

(ट) कानून बमोजिम स्थायी लेखा नम्बर (PAN) वा (VAT) मा दर्ता हुनुपर्ने भएमा सो बमोजिम दर्ता भएको हुनुपर्ने ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका विवरणहरुलाई रुजु गरी सो को मुल्यांकनको लागि सम्बन्धित महाशाखाले दफा ९ बमोजिमको छनौट समितिमा पेश गर्नेछ।

९. **<u>अनुदान कार्यक्रम छनौट समिति</u>**: अनुदान प्राप्त गर्ने संस्था छनौट गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव वा निजले तोकेको वरिष्ठतम् अधिकृत | -संयोजक |
| (ख) | प्रमुख, सम्बन्धित महाशाखा | -सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (घ) | कानून अधिकृत, कानून तथा फैशला कार्यान्वयन शाखा | -सदस्य |
| (ङ) | सम्बन्धित शाखा प्रमुख | -सदस्य-सचिव |

१०. **<u>छनौट समितिको काम, कर्तव्य र अधिकार</u>**: (१) दफा ७ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदनहरुको दफा ५ को उपदफा (२) बमोजिम मुल्याङ्कन गर्ने।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गरेको संस्थाहरुको योग्यताक्रमको सूची निर्धारण गर्ने।

(३) उपदफा (२) बमोजिमको योग्यताक्रमको आधारमा अनुदान प्राप्त गर्ने संस्थाको सूची मन्त्रालयको सूचनापाटी, नोटिस बोर्ड र वेवसाईटमा सूचना प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद ५

## <u>अनुदानको भुक्तानी, लेखापरीक्षण तथा अनुगमन मूल्याङ्कन</u>

११. **<u>अनुदान रकमको भुक्तानी</u>**: (१) अनुदान रकम दुई किस्तामा प्रदान गरिनेछ। पहिलो किस्तामा साठी प्रतिशत रकमसम्म प्रदान गरिनेछ।

(२) प्राप्त बिल भर्पाई तथा अघिल्लो किस्तामा भएको कामको प्रगति प्रतिवेदनको आधारमा अन्तिम किस्ताको रकम भुक्तानी गरिनेछ।

१२. **<u>लेखा तथा लेखापरीक्षण</u>: लेखा तथा लेखापरीक्षणको प्रक्रिया देहाय बमोजिम हुनेछ:-**

(क) अनुदानग्राही संस्थाले यस कार्यविधि बमोजिमको कार्यक्रमबाट प्राप्त अनुदान आर्थिक कारोबारको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार राख्नुपर्नेछ।

(ख) अनुदान खर्चको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी अनुदानग्राही संस्थाको हुनेछ। साथै आर्थिक वर्ष समाप्त भएको नब्बे दिनभित्र लेखापरीक्षण गराई मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(ग) अनुदानग्राही संस्थाले राखेको लेखा, मन्त्रालयले जुनसुकै बखत पनि निरीक्षण गर्न सक्नेछ।

१३. **<u>अनुगमन तथा मुल्याङ्कनः</u>** मन्त्रालयले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भए नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ। अनुगमनबाट प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद ६

## अनुदानग्राही संस्थाको काम र कर्तव्य

१४. **अनुदानग्राही संस्थाको काम र कर्तव्यः** अनुदानग्राही संस्थाको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) जुन प्रयोजनको लागि अनुदान लिएको हो सो प्रयोजन वाहेक अन्य कार्यमा प्रयोग गर्न नहुने,

(ख) अनुदान रकम खर्च प्रक्रिया प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली तथा प्रदेश सार्वजनिक खरीद नियमावली बमोजिम हुनुपर्नेछ,

(ग) अनुसूचि -३ को ढाँचामा सम्झौता गरी कार्यसम्पन गर्नु पर्नेछ,

(घ) अनुसूची -४ बमोजिमको प्रतिवद्धता गर्नुपर्नेछ।

## परिच्छेद ७

## विविध

१५. **प्रतिवेदन पेश गर्नेः** संस्थाले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

१६. **बाधा, अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ आइपरेमा मन्त्रालयले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ।

१७. **अनुसूचीमा हेरफेर**: कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ।

# अनुसूची -१

दफा ८ को उपदफा (१) सँग सम्बन्धित

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति:............

श्री सचिवज्यू,
सामाजिक विकास मन्त्रालय,
प्रदेश नं.३, ..........।

विषय:अनुदान उपलब्ध गराईदिनुहुन।

प्रस्तुत विषयमा त्यस मन्त्रालयबाट मिति .......... मा प्रकाशित सूचना अनुसार भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रदान गरिने अनुदान प्राप्त गर्न तपशिल बमोजिमको विवरण उल्लेख गरि भाषा/ कला / साहित्य प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराइदिनहुन अनुरोध गर्दछौं।

तपशिल:

अनुदान माग गर्ने संस्थाको नाम:

ठेगाना:

कार्यक्रमको नाम:

अनुदान रकम आवश्यक पर्ने कारण:

अनुदान रकम आवश्यक पर्ने भनी सम्बद्ध संस्थाको निर्णय तथा सिफारिस:छ छैन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागत:

कार्यक्रमबाट लाभान्वित हुने जनसंख्या:

कार्यक्रम सञ्चालन गर्ने प्रमुख

नाम थर:

पद:

दस्तखत:

## अनुसूची – २

(कार्यविधिको दफा ८ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>अनुदान प्राप्त गर्न निवेदन दिने संस्थाले पेश गर्नुपर्ने प्रस्ताव पत्र</u>**

(क) कार्यक्रमको नाम :

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण :

(ग) उद्देश्य :

(घ) लक्षित समुदाय :

(ङ) क्रियाकलाप :

(च) कार्यक्रम अवधि :

(छ) अपेक्षित उपलब्धी :

(ज) अनुमानित कूल लागत :

(१) स्थानीय तहको हिस्साः

(२) विकासका साझेदारको हिस्सा :

(३) संस्थाको हिस्सा :

(४) मन्त्रालयबाट दिइने अनुदानको हिस्सा (माग) :

(५) अन्य निकाय/दाता/व्यक्ति/संस्था को हिस्साः

# अनुसूची -३

(दफा १४ को खण्ड (ग) सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

(भाषा/कला /साहित्य सम्बन्धी अनुदान कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं.३(प्रथम पक्ष) र सम्बन्धित संस्था (दोस्रो पक्ष) बीच भएको सम्झौतापत्र)

आज मिति ................ का दिन अनुदान प्रदान गर्ने सामाजिक विकास मन्त्रालय प्रदेश नं.३, हेटौंडा (यस पछि प्रथम पक्ष भनिएको) र .............. महा/उप/नगरपालिका /गाँउपालिका (सम्झौता भएको स्थान) मा रहेको ..........................................................अनुदान प्राप्त गर्ने संस्था ( यस पछि दोस्रो पक्ष भनिएको ) बीच देहायमा उल्लेखित शर्तहरुको अधीनमा रही "भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बमोजिम भाषा/कला/साहित्य सम्बन्धी अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि सहमति कायम गरी यो द्विपक्षीय सम्झौता गरि सम्झौताको एक एक प्रति आपसमा लियौं दियौं ।

## सम्झौताको शर्तहरु

(१) कार्यक्रम सञ्चालनको क्रममा दुबै पक्षले "भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

(२) प्रथम पक्षद्वारा जुन प्रयोजनको लागि अनुदान प्रदान गरीएको हो सोही प्रयोजनमा मात्र अनुदान रकम खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

(३) कार्यक्रम सञ्चालनको विषयमा प्रथम पक्षले द्रोस्रो पक्षको अनुगमन गर्न सक्नेछ।

(४) कार्यक्रमबाट प्राप्त अनुदान दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ छ। त्यस कार्यमा प्रथम पक्षले आवश्यक सहयोग गर्न सक्नेछ।

(५) कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै विषयमा समस्या देखा परेमा दुवै पक्षबिच सहमति कायम गरी यस दुईपक्षीय सम्झौता पत्रमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

(६) यस सम्झौतापत्र बमोजिम कार्यक्रम कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट विवादको समाधान गरिनेछ ।तर यसरी आपसी समझदारी कायम हुन नसकेमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(७) यस सम्झौतापत्रमा उल्लेख नभएका विषयमा "भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बमोजिम हुनेछ ।

| प्रथम पक्षबाट | दोस्रो पक्ष |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| कार्यालयको छाप: | कार्यालयको छाप |

**अनुसूची -४**

दफा १४ को खण्ड (घ) सँग सम्बन्धित

**प्रतिबद्धता पत्र**

सामाजिक विकास मन्त्रालयको  मिति ............ मा प्रकाशित सूचना अनुसार भाषा, कला तथा साहित्य प्रवर्द्धन अनुदान कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना/प्रस्ताव सहितको निवेदन पेश गरेका छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजना/प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य गर्नेछौं।कार्ययोजना/प्रस्ताव अनुसारको कार्य नगरेमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

अनुदानग्राहीको तर्फबाट

नाम:

पद:

संस्थाको नाम:

ठेगाना:

सम्पर्क नं.:

दस्तखत:

मिति:

छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |